श्री मकवानपुर जिल्ला अदालतको सूचनाः-

मितिः-२०८३/०६/२२

नेपाल संवत् ११४६ जंलागा त्रयोदशी, बिहिबार

उपर्युक्त सम्बन्धमा विजया दशमी २०८३ को उपलक्ष्यमा मिति २०८३/०६/२५ गते घटस्थापनाको दिनदेखि २०८३/०७/०८ गते कोजाग्रत पूर्णिमाका दिनसम्म अदालतहरु दशैं विदामा बन्द रहने हुँदा अदालत बन्द रहने अवधिभर घटस्थापना, बिजया दशमी र बिदा अवधि भित्र पर्ने शनिवारका दिनहरु बाहेक अन्य दिनहरुमा न्याय प्रशासन ऐन, २०७३ को दफा २६ बमोजिम बन्दीप्रत्यक्षीकरणको निवेदन सुनुवाई गर्न र ऐ. मितिको शनिवारको दिन बाहेक मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ९ बमोजिम पक्राउ पुर्जी जारी गर्न, पक्राउ पुर्जी समर्थन गर्न र कल डिटेल अनुमति प्रदान गर्ने प्रयोजनका लागि यस अदालत बिहान ११:०० बजे देखि दिउसो ०३:०० बजेसम्म खुला रहने बेहोरा सम्बन्धित सरोकारवाला सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।